सधै र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

विज्ञापन गराउन सम्पर्क गर्नुहोस् ।

यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९

♦ वर्ष ९ ♦ अंक २७१ ♦ २०८३ साल असार १ सोमवार ♦ 15 Jun 2026 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ ♦ www.shirishnews.com


# मधेस प्रदेशमा आज बजेट प्रस्तुत हुँदै, आगामी बजेटको आकार घट्ने संकेत

**खबर दर्पण समाचारदाता**

**जेष्ठ ३१ गते, बर्दिवास**

मधेश प्रदेश सरकारले आगामी आर्थिक वर्ष २०८३/८४ का लागि सोमबार प्रदेशसभामा प्रस्तुत गर्ने बजेटको आकार चालु आर्थिक वर्षको तुलनामा घट्ने भएको छ।

संघीय सरकारबाट प्राप्त हुने अनुदानमा कमी, लक्ष्यअनुसार आन्तरिक राजस्व संकलन हुन नसक्नु तथा प्रदेशको आन्तरिक आम्दानीका स्रोत कमजोर बन्दै जानुका कारण बजेटको आकार घट्ने अवस्था आएको प्रदेश सरकारले जनाएको छ।




प्रदेश सरकारको अर्थ मन्त्रालयले बजेट निर्माणको सम्पूर्ण तयारी पूरा गरेको अर्थमन्त्री युवराज भट्टराईले जानकारी दिनुभएको छ। बजेट निर्माणसम्बन्धी प्राविधिक तथा नीतिगत प्रक्रिया पूरा भइसकेकाले असार १ गते प्रदेशसभामा बजेट प्रस्तुत गरिने उहाँले बताउनुभयो।

अर्थमन्त्री भट्टराईका अनुसार आगामी बजेट अनुमानित स्रोतमा आधारित नभई सुनिश्चित भएका आम्दानीका आधारमा तयार गरिएको छ। विगतमा अनुमानका आधारमा बजेट विनियोजन गर्दा बजेट घाटा बढ्ने समस्या देखिएकाले यसपटक उपलब्ध स्रोत साधनको यथार्थ मूल्याङ्कन गरेर बजेट निर्माण गरिएको उहाँले बताउनुभयो ।

चालू आर्थिक वर्ष २०८२/८३ मा ४६ अर्ब ९८ करोड ३३ लाख ५१ हजार बजेट ल्याएको मधेस सरकारले आगामी आर्थिक वर्षका लागि ४०–४२ अर्बको हाराहारीमा ल्याउन लागेको मन्त्रालय स्रोतले जनाएको छ। चालु आर्थिक वर्षमा १६ अर्ब बढी बजेट घाटा गएको छ।

यसैबीच नयाँ गठबन्धनको सरकार बन्ने क्रममा प्रशासनिक खर्च कम गर्ने मन्त्रालयको संख्या घटाउने सहमति कार्यान्वयन हुन नसकेको आलोचना शुरु भइसकेको छ। गठबन्धन दलहरूबीच १५ बुँदे सहमति समेत भएको थियो। तर उक्त निर्णय व्यवहारमा लागू हुन नसक्दा सामाजिक सञ्जालमा प्रतिपक्षी दलहरूले राजनीतिक स्टन्ट गर्न खोजिएको भन्दै आलोचना गरिरहेका छन्। हुनत मन्त्रालयको संख्याको घटाउन अर्थमन्त्रीको संयोजकत्वमा तीन सदस्यीय कार्यदल समेत बनेको छ। कार्यदलले बजेट आउनु अगावै मन्त्रालय घटाउनेबारे तयार पारिएको प्रतिवेदन प्रस्तुत गरिने जनाएको थियो। तर बजेट चाहिँ मुख्यमन्त्री कार्यालयसहित १२ वटै मन्त्रालयलाई आधार मानेर सोमबार प्रस्तुत गर्ने तयारी छ।

आगामी बजेटमा कृषि, उद्योग, शिक्षा र स्वास्थ्य क्षेत्रलाई प्राथमिकतामा राखिएको छ। बजेटको आकार घटे पनि उत्पादन वृद्धि, रोजगारी सिर्जना, प्रदेशको अर्थतन्त्रलाई गतिशील बनाउने तथा आधारभूत सेवामा नागरिकको पहुँच विस्तार गर्ने उद्देश्यसहित कार्यक्रम समेटिएको जनाइएको छ।

स्रोतका अनुसार चालु आर्थिक वर्ष २०८२/८३ मा ४६ अर्ब ९८ करोड ३३ लाख ५१ हजार रुपैयाँको बजेट ल्याएको मधेश सरकारले आगामी आर्थिक वर्षका लागि करिब ४२ अर्ब रुपैयाँ हाराहारीको बजेट ल्याउने तयारी गरेको छ। चालु आर्थिक वर्षमा प्रदेश बजेटमा १६ अर्ब रुपैयाँभन्दा बढी घाटा देखिएको थियो।

यसैबीच, मधेश प्रदेश सरकारले आर्थिक वर्ष २०८२/८३ को आर्थिक सर्वेक्षण सार्वजनिक गरेको छ। सर्वेक्षणमा प्रदेशका सबै घरधुरीमा विद्युत सेवा पुगेको दाबी गरिएको छ।

प्रदेशसभामा प्रस्तुत आर्थिक सर्वेक्षणअनुसार राष्ट्रिय प्रसारण लाइनमार्फत मधेश प्रदेशका १ सय ३६ स्थानीय तहअन्तर्गत १ हजार २ सय ७१ वडाका सबै घरधुरीमा विद्युत पहुँच पुगेको उल्लेख छ। त्यस्तै, प्रदेशका सबै स्थानीय तहमा बैंक तथा वित्तीय सेवाको पहुँच विस्तार भएको जनाइएको छ। सर्वेक्षणअनुसार प्रदेशभर रहेका १ हजार ७ सय ५४ बैंक तथा वित्तीय संस्थाका शाखामार्फत सेवा प्रवाह भइरहेको छ।

तर आर्थिक सर्वेक्षणले प्रदेशको आर्थिक अवस्था अझै चुनौतीपूर्ण रहेको देखाएको छ। कृषि क्षेत्रमा आएको गिरावटका कारण चालु आर्थिक वर्षमा मधेश प्रदेशको आर्थिक वृद्धि दर १.३१ प्रतिशतमा सीमित रहने प्रक्षेपण गरिएको छ।

कृषि, वन तथा मत्स्य क्षेत्रले प्रदेशको कुल अर्थतन्त्रमा ३४.९७ प्रतिशत योगदान पुऱ्याएको सर्वेक्षणमा उल्लेख छ। कृषि प्रदेशको प्रमुख आर्थिक आधार रहे पनि अन्नबाली उत्पादन घटेको देखाइएको छ। तरकारी, फलफूल तथा माछा-मासु उत्पादनमा भने वृद्धि भएको तथ्यांक प्रस्तुत गरिएको छ।

अर्थमन्त्री भट्टराईले आर्थिक सर्वेक्षणले देखाएको अवस्थालाई आधार बनाएर आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम र बजेट तयार गरिएको बताएका छन्। उत्पादनमुखी क्षेत्रको विकास, रोजगारी विस्तार र आर्थिक गतिविधि बढाउने विषयलाई बजेटको केन्द्रमा राखिएको अर्थमन्त्री भट्टराईको भनाइ छ।

प्रदेशसभाको बैठक असार १ गते बस्ने तय भएको छ। सोही बैठकमा प्रदेश सरकारले आगामी आर्थिक वर्ष २०८३/८४ को नीति तथा कार्यक्रम तथा बजेट प्रस्तुत गर्ने सभामुख रामआशिष यादवले जानकारी दिनुभएको छ।

घट्दो स्रोतसाधनका बीच आर्थिक अनुशासन कायम गर्दै विकास निर्माण र सेवा प्रवाहलाई निरन्तरता दिने चुनौतीका बीच मधेश प्रदेशको नयाँ बजेट आउन लागेको छ।

शिरीष अफसेट प्रेस

बर्दिवास नगरपालिका-१ राष्ट्रिय वाणिज्य बैंक नजिकै [illegible]तरी

✓ पत्रिका
✓ क्यालेण्डर
✓ रजिष्टर, डाइरी
✓ किताब
✓ परीक्षा कपी
✓ पर्चा पम्पलेट
✓ बिल, भाउचर,

✓ स्क्रिन प्रिन्ट
✓ विवाह कार्ड
✓ प्रमाण पत्र
✓ भिजिटिङ्ग कार्ड
✓ झोला प्रिन्ट
✓ रबर स्टाम्प

✓ फ्लेक्स प्रिन्ट
✓ ब्यानर प्रिन्ट
✓ होर्डिङ्ग बोर्ड
✓ स्टिकर
फाइल

साथै होम डेलिभरीको सुविधा छ ।

सम्पर्क नम्बर: ९८४४०२५१८४, ९८०७६७५१२५, ९८१५८८९६८२

# नेपाल फर्निचर तथा फर्निसिङ व्यवसायी महासंघ मधेसको अध्यक्षमा खड्का




**खबर दर्पण समाचारदाता**
**जेष्ठ ३१ गते, बर्दिवास**

नेपाल फर्निचर तथा फर्निसिङ व्यवसायी महासंघ मधेश प्रदेशको अध्यक्षमा गोविन्द खड्का निर्वाचित भएका छन् ।महासंघको आज सम्पन्न दोस्रो प्रदेश अधिवेशनले खड्काको नेतृत्वमा ९ सदस्यीय पदाधिकारी तथा कार्यसमिति चयन गरेको हो ।

निर्वाचित पदाधिकारीहरूमा उपाध्यक्षमा दीपेन्द्र कुमार साह, सचिवमा प्रमित ढकाल, कोषाध्यक्षमा सुशील यादव तथा सदस्यहरूमा इ. मोहम्मद अनायत रसुल, अञ्जनी प्रसाद सत्याल, विशाल गौतम र शंकर बहादुर श्रेष्ठ रहेका छन् ।

नवनिर्वाचित अध्यक्ष खड्काले फर्निचर उद्योगको विकासमार्फत मधेश प्रदेशलाई उत्पादन र रोजगारीको केन्द्रका रूपमा स्थापित गर्ने प्रतिबद्धता व्यक्त गरेका छन् । उनले स्थानीय कच्चा पदार्थ र सीपको उपयोग गर्दै फर्निचर उद्योगलाई आत्मनिर्भर बनाउने तथा उत्पादनको आन्तरिक बजार विस्तारसँगै बाह्य निर्यातको सम्भावना समेत अघि बढाइने बताए ।

अधिवेशनमा सहभागी व्यवसायीहरूले फर्निचर तथा फर्निसिङ क्षेत्रका साझा समस्या समाधान, व्यवसायिक एकता तथा उद्योग प्रवर्द्धनका लागि महासंघले सक्रिय भूमिका खेल्नुपर्ने धारणा राखेका थिए ।

# धनुषाका अतिक्रमित गुठी जग्गा फिर्ता गर्न चेतावनी

**खबर दर्पण समाचारदाता**
**जेष्ठ ३१ गते, बर्दिवास**

धनुषा जिल्लाभित्र रहेका राजगुठीका मठमन्दिर परिसर, पोखरीका डिल तथा गुठी तैनाथी जग्गामा बढ्दो अतिक्रमणप्रति गम्भीर ध्यानाकर्षण भएको भन्दै गुठी संस्थानले अतिक्रमण हटाउन सार्वजनिक सूचना जारी गरेको छ ।

गुठी संस्थानको प्रधान कार्यालयले जारी गरेको सूचनामा धनुषाका विभिन्न स्थानमा रहेका राजगुठी अन्तर्गतका मठमन्दिर परिसर, पोखरीका डिल तथा गुठीको स्वामित्वमा रहेका जग्गा व्यक्ति तथा संस्थाहरूले अनधिकृत रूपमा कब्जा गरी संरचना निर्माण गरेर भोगचलन गरिरहेको पाइएको उल्लेख गरिएको छ ।

संस्थानले यस्ता अतिक्रमित क्षेत्र तत्काल खाली गरी पूर्वावस्थामा ल्याउन सम्बन्धित पक्षलाई आग्रह गरेको छ ।

सूचनामा गुठी सम्पत्तिको संरक्षण तथा व्यवस्थापन राज्यको दायित्व भएकाले सार्वजनिक तथा धार्मिक महत्वका जग्गा अतिक्रमणमुक्त बनाउने अभियानलाई तीव्रता दिइएको जनाइएको छ ।

गुठी संस्थानका अनुसार सूचना जारी भएपश्चात पनि अतिक्रमण हटाउने कार्य नगरिए प्रचलित कानुनअनुसार आवश्यक कारबाही प्रक्रिया अगाडि बढाइनेछ ।

संस्थानले गुठी सम्पत्तिको संरक्षणमा स्थानीय तह, सरोकारवाला निकाय तथा सर्वसाधारणको सहयोग समेत अपेक्षा गरेको छ ।

धार्मिक तथा सांस्कृतिक सम्पदासँग जोडिएका गुठीका जग्गा पछिल्लो समय विभिन्न बहानामा अतिक्रमणमा पर्दै गएको गुनासो बढिरहेका बेला गुठी संस्थानको यो कदमलाई सम्पदा संरक्षणतर्फको महत्वपूर्ण पहलका रूपमा हेरिएको छ ।

# धनुषामा प्रहरी-समुदाय समन्वय सुदृढ गर्न सरोकारवालासँग छलफल

**खबर दर्पण समाचारदाता**
**जेष्ठ ३१ गते, बर्दिवास**

जिल्ला प्रहरी कार्यालय धनुषाले जिल्लामा क्रियाशील विभिन्न संघसंस्था, पूर्व प्रहरी संगठन तथा मुस्लिम अगुवाका प्रतिनिधिहरूसँग छलफल गरेको छ ।

प्रहरी कार्यालयको आयोजनामा भएको उक्त कार्यक्रममा जिल्ला प्रहरी कार्यालय धनुषाका प्रमुख प्रहरी उपरीक्षक रुपेश खड्काले सहभागीहरूसँग परिचय आदान प्रदान गर्दै जिल्लाको शान्ति सुरक्षा, अपराध नियन्त्रण, लागूऔषध दुर्व्यसन न्यूनीकरण, ट्राफिक व्यवस्थापन तथा समुदाय-प्रहरी साझेदारीलाई थप प्रभावकारी बनाउनुपर्नेमा जोड दिए । उनले समाजमा हुने विभिन्न प्रकारका अपराध नियन्त्रण तथा सामाजिक विकृति न्यूनीकरणका लागि पूर्व प्रहरी तथा सरोकारवाला निकायबीचको सहकार्य अपरिहार्य रहेको उल्लेख गर्दै सबै पक्षको सक्रिय सहयोग आवश्यक रहेको बताए ।

कार्यक्रममा सहभागी सरोकारवालाले पनि जिल्लाको शान्ति सुरक्षा, अपराध नियन्त्रण तथा जनचेतनामूलक गतिविधिमा अझ सक्रिय रूपमा सहयोग र समन्वय गर्ने प्रतिबद्धता व्यक्त गरेका थिए । कार्यक्रममा आपसी परिचय, अनुभव आदान प्रदान तथा समसामयिक सुरक्षा चुनौती बारे छलफल गरिएको थियो ।

प्रहरी र सरोकारवाला निकायबीचको सम्बन्धलाई थप सुदृढ बनाउँदै धनुषा जिल्लाको शान्ति सुरक्षामा योगदान पुऱ्याउने उद्देश्यसहित कार्यक्रम सम्पन्न भएको प्रहरीले जनाएको छ ।

# काभ्रेपलान्चोक सेवा समाज कतारको साँस्कृतिक तथा भेटघाट कार्यक्रम सम्पन्न

**आशिक हुसैन शेख** ,दोहा,कतार



काभ्रेपलान्चोक सेवा समाज कतार ले आयोजना गरेको साँस्कृतिक तथा भेटघाट कार्यक्रम- २०२६ सव्य र भव्य रुपमा सम्पन्न भएको छ ।

शुक्रबार प्लाजामल स्थित जिम्बु थकाली रेष्टुरेन्टको सभाहलमा समाजका कार्यबाहक अध्यक्ष रामहरि चौलागाईंको सभाध्यक्षता र गरैआवासीय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद् कतारका अध्यक्ष कृष्ण पन्थीको प्रमुख आतिथ्यतामा उक्त कार्यक्रम सम्पन्न भएको हो ।

कार्यक्रममा कतारमा स्थापित प्रदेश परिषद, जिल्ला संस्थाका प्रमुख एवं प्रतिनिधि, समाजसेवी, बुद्धिजीवी, पत्रकार, कलाकारहरु सङ्गै काभ्रेली तथा गैर काभ्रेलीहरुको उल्लेखनीय उपस्थिति रहेको थियो ।

दिउँसो करिब २ बजे नेपाली राष्ट्रिय गान बजाएर व्यानर अनावरण सङ्गै दीप प्रज्ज्वलन गरि औपचारिक रुपमा सुरु भएको कार्यक्रममा उपस्थित सम्पुर्णलाई सम्बोधन गर्दै समाजका सचिव सम्शेर तामाङले स्वागत मन्तव्य राखेका थिए भने गायक तथा सङ्गीतकार बिरेन्द्र श्रेष्ठले देशभक्ति गीत गाएर साङ्गीतिक स्वागत गरेका थिए ।

समाजका महासचिव महेन्द्र थापाले साङ्गीतिक प्रस्तुति र शुभकामना मन्तव्यको उत्कृष्ट तालमेल मिलाएर सहजीकरण गरेका कार्यक्रममा थुप्रै वक्ताहरुले शुभकामना मन्तव्य राखेका थिए । उनिहरुले कतारमा अहिले चलि रहेको अवस्थाको बाबजुद पनि काभ्रेपलान्चोक सेवा समाज कतार ले साँस्कृतिक तथा भेटघाट कार्यक्रम आयोजना गरेर सम्पुर्ण नेपालीहरुलाई जोड्ने माध्यम बनाएको भन्दै आयोजक समितिलाई धन्यवाद व्यक्त गरेका थिए ।

कार्यक्रममा समाजसेवी तथा बुद्धिजीवी सागर नेपाल, नेपाली महिला समाज कतारकी उपाध्यक्ष सुष्मा खतिवडा कटुवाल, राष्ट्रिय लोक तथा दोहोरीगीत प्रतिष्ठान नेपाल, कतार शाखाका अध्यक्ष कृष्ण प्रसाद ढकाल, बागमती प्रदेश समन्वय परिषद् कतारका अध्यक्ष कबिन्द्र कडेल, लुम्बिनी प्रदेश समन्वय परिषद् कतारका उपाध्यक्ष टेक राज थापा, कर्णाली प्रदेश समन्वय परिषद् कतारका अध्यक्ष मोतीलाल बुढा मगर, सुदुर पश्चिमेली नेपाली समाज कतार का अध्यक्ष गोरख चन्द ठकुरी सहित विभिन्न जिल्ला संस्थाहरुका प्रमुख तथा प्रतिनिधिहरुले बोलेका थिए भने अधिकांशले कतारको पछिल्लो अवस्था बारे जानकारी गराएका थिए ।

## आवश्यक टेलिफोन नम्बरहरू

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बछार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### वर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास नगरपालिका | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय वर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शूभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| इलाका प्रशासन कार्यालय वर्दिवास | ५५०६६८ |
| IRDS समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/
९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाभिझ) ०४१-६२०४९१
९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

# सञ्चार क्षेत्रको संस्थागत विकासका लागि प्रदेश सरकार प्रतिबद्ध: गृहमन्त्री महतो

**खबर दर्पण समाचारदाता**

**जेठ ३१ गते , बर्दिवास**

आमसञ्चार प्राधिकरण मधेश प्रदेशले सञ्चार क्षेत्रलाई थप व्यवस्थित, उत्तरदायी र व्यावसायिक बनाउने उद्देश्यले सरोकारवालाहरूसँग कार्यविधि सम्बन्धी विस्तृत छलफल कार्यक्रम आयोजना गरेको छ। कार्यक्रममा सञ्चारकर्मी, पत्रकार महासंघका पदाधिकारी, सञ्चार क्षेत्रका विज्ञ तथा विभिन्न जिल्लाका पत्रकार प्रतिनिधिहरूको उल्लेखनीय सहभागिता रहेको थियो ।

आमसञ्चार प्राधिकरण मधेश प्रदेशका अध्यक्ष जितेन्द्र खडकाको अध्यक्षतामा सम्पन्न कार्यक्रममा मधेश प्रदेश सरकारका गृह, सञ्चार तथा कानूनमन्त्री फकिरा महतो प्रमुख अतिथिका रूपमा सहभागी थिए ।

कार्यक्रमलाई सम्बोधन गर्दै मन्त्री महतोले लोकतान्त्रिक व्यवस्थाको सुदृढीकरणमा सञ्चार क्षेत्रको भूमिका अत्यन्त महत्वपूर्ण रहेको उल्लेख गर्दै सञ्चारमाध्यमलाई अझ जिम्मेवार, तथ्यपरक र जनउत्तरदायी बनाउन स्पष्ट कार्यविधिको आवश्यकता रहेको बताए। उनले प्रेस स्वतन्त्रताको संरक्षण गर्दै सञ्चार क्षेत्रको संस्थागत विकासका लागि प्रदेश सरकार प्रतिबद्ध रहेको बताए।

‘सञ्चार क्षेत्रलाई नियमन गर्ने नाममा नियन्त्रण मात्र नभई व्यवस्थित र मर्यादित बनाउने उद्देश्यले कार्यविधि निर्माण गर्न लागिएको हो,’ मन्त्री महतोले भने, ‘पत्रकार र सञ्चार संस्थाको हकहित संरक्षण गर्दै व्यावसायिक पत्रकारितालाई प्रोत्साहन गर्ने नीति प्रदेश सरकारले लिएको छ ।’

आमसञ्चार प्राधिकरणका अध्यक्ष जितेन्द्र खडकाले कार्यविधि निर्माण प्रक्रियामा सरोकारवालाको सुझावलाई उच्च महत्व दिइने बताए । उनले सञ्चार क्षेत्रको वर्तमान अवस्था, डिजिटल माध्यमको विस्तार तथा बदलिँदो प्रविधिलाई ध्यानमा राखेर कार्यविधि तयार गरिने जानकारी दिए । पत्रकारिता क्षेत्रका चुनौती, अवसर र आवश्यकतालाई समेट्ने गरी नीति तथा कार्यविधि निर्माण गरिने उनको भनाइ थियो ।

नेपाल पत्रकार महासंघका लेखा समिति संयोजक केसी लामिछानेले कार्यविधि निर्माण गर्दा पत्रकारको पेशागत स्वतन्त्रता र संवैधानिक अधिकारलाई केन्द्रमा राख्नुपर्ने धारणा राखे । उनले सञ्चार क्षेत्रको विकासका लागि राज्य र सञ्चारकर्मीबीच सहकार्य आवश्यक रहेको बताए ।

महासंघका केन्द्रीय सदस्य राजेश कर्णले प्रदेशस्तरमा सञ्चार क्षेत्रलाई व्यवस्थित गर्न खोजिएको प्रयास सकारात्मक रहेको उल्लेख गर्दै कार्यविधि व्यवहारिक र कार्यान्वयनयोग्य हुनुपर्नेमा जोड दिए । उनले पत्रकारको क्षमता अभिवृद्धि, श्रम अधिकार तथा सञ्चार संस्थाको दिगोपनालाई पनि प्राथमिकतामा राख्न सुझाव दिए ।

नेपाल पत्रकार महासंघ मधेश प्रदेशका अध्यक्ष श्याम बञ्जाराले पत्रकारिताको बदलिँदो परिवेशलाई ध्यानमा राखेर नीति निर्माण गर्नुपर्ने आवश्यकता औंल्याए । उनले सञ्चार क्षेत्रसँग सम्बन्धित कुनै पनि कानुनी वा नीतिगत व्यवस्था बनाउँदा पत्रकार महासंघ र सरोकारवालासँग निरन्तर परामर्श गर्नुपर्ने बताए ।

मिडिया काउन्सिलका कार्यवाहक अध्यक्ष बन्दना झाले पत्रकारिताको विश्वसनीयता कायम राख्न आचारसंहिताको प्रभावकारी कार्यान्वयन आवश्यक रहेको बताइन्। उनले सञ्चार क्षेत्रलाई उत्तरदायी र मर्यादित बनाउन नीति, कानुन र आत्मनियमन सँगसँगै अघि बढ्नुपर्ने धारणा व्यक्त गरिन् । कार्यक्रममा नेपाल पत्रकार




महासंघ धनुषाका अध्यक्ष पुरन गुप्ता, सप्तरी अध्यक्ष श्रवण देव, सिरहा अध्यक्ष मनोज मोरबैता, महोत्तरी अध्यक्ष महेश दास, सर्लाही अध्यक्ष ओमप्रकाश ठाकुर , रौतहटका अध्यक्ष सञ्जय कार्की, बारा अध्यक्ष रमेश सुवेदी तथा पर्सा शाखाका संस्थापक पूर्व अध्यक्ष दिपेन्द्र चौहानलगायतले आ-आफ्नो धारणा राख्दै पत्रकारिता क्षेत्रका समस्या, चुनौती तथा सम्भावित समाधानबारे सुझाव प्रस्तुत गरेका थिए ।

वक्ताहरूले विशेष गरी पत्रकारको पेशागत सुरक्षा, सञ्चार संस्थाको आर्थिक सुदृढीकरण, डिजिटल पत्रकारिताको व्यवस्थापन, फेक न्युज नियन्त्रण, पत्रकार कल्याण कोषको प्रभावकारी सञ्चालन तथा स्थानीय सञ्चारमाध्यमको प्रवर्द्धनजस्ता विषयलाई कार्यविधिमा समेट्न आग्रह गरेका थिए ।

छलफलका क्रममा सहभागीहरूले प्रदेश सरकारले सञ्चार क्षेत्रलाई सूचना प्रवाहको माध्यमका रूपमा मात्र नभई लोकतन्त्र, सुशासन र सामाजिक उत्तरदायित्वको महत्वपूर्ण साझेदारका रूपमा हेर्नुपर्नेमा जोड दिएका थिए । उनीहरूले नीति निर्माण प्रक्रियामा सञ्चारकर्मीको सहभागिता सुनिश्चित गर्नुपर्ने मागसमेत गरेका थिए।

यसैबीच, कार्यक्रममा मधेश प्रदेशका विभिन्न जिल्लामा लामो समयदेखि पत्रकारिता क्षेत्रमा योगदान पुर्याउँदै आएका वरिष्ठ पत्रकारहरूलाई सम्मानसमेत गरिएको थियो । सम्मानित पत्रकारहरूको योगदानको कदर गर्दै प्रमुख अतिथि तथा अतिथिहरूले सम्मानपत्र र दोसल्ला प्रदान गरेका थिए ।

वक्ताहरूले अनुभवी पत्रकारहरूको ज्ञान, अनुभव र योगदान नयाँ पुस्ताका पत्रकारका लागि प्रेरणाको स्रोत रहेको उल्लेख गर्दै पत्रकारिताको मर्यादा र विश्वसनीयता कायम राख्न उनीहरूको भूमिका महत्वपूर्ण रहेको बताए ।

अध्यक्ष खडकाले छलफलका क्रममा प्राप्त सुझावहरूलाई समेटेर कार्यविधिलाई अन्तिम रूप दिइने जानकारी दिँदै सरोकारवालाको सक्रिय सहभागिताप्रति धन्यवाद व्यक्त गरे । उनले प्रदेशको सञ्चार क्षेत्रलाई थप व्यवस्थित, व्यावसायिक र उत्तरदायी बनाउने दिशामा आमसञ्चार प्राधिकरण निरन्तर लागिरहने प्रतिबद्धता व्यक्त गरे ।

# महेन्द्र राजमार्ग विस्तारको काम अत्यन्त सुस्त

**खबर दर्पण समाचारदाता**

**जेठ ३१ गते, बर्दिवास**

राष्ट्रिय गौरवको आयोजना अन्तर्गत पर्ने महेन्द्र राजमार्ग विस्तारको काम अत्यन्त सुस्त बनेको छ। इन्धन र निर्माण सामग्री असाध्यै महँगो भएको भन्दै निर्माण व्यवसायीले राजमार्ग विस्तारको काममा ढिलासुस्ती गरेका हुन् । सर्लाही, महोत्तरी र धनुषा खण्डमा राजमार्गलाई चार लेन कायम गर्न गत वर्षदेखि पुल, कलभर्ट र सडक निर्माणको काम जारी रहेको छ ।

कमला-ढल्केबर-पथलैया सडक योजना (पूर्वी खण्ड) ले राजमार्ग विस्तारको काम कछुवा गतिमा अघि बढेको स्वीकार गरेको छ । आयोजना प्रमुख एवं सिनियर डिभिजनल इन्जिनियर राजेशकुमार दासले अहिलेसम्म ४७ प्रतिशतको हाराहारीमा काम भइसक्नुपर्नेमा २५ प्रतिशत मात्रै काम भएको जानकारी दिनुभयो । निर्माण व्यवसायीलाई जति नै ताकेता गरे पनि महँगीलाई कारण देखाइरहेको आयोजना प्रमुख दासको भनाइ छ । उहाँले भन्नुभयो, “हामीले त ताकेता गरिरहेकै छौँ तर उहाँले तेल र निर्माण सामग्रीको भाउ असाध्यै बढेको भन्दै फटाफट काम अघि बढाइरहनुभएको छैन ।”

एउटा जिल्लामा कम्तीमा आठ सयदेखि एक हजार जनासम्म कामदार खटाएर काम गर्नुपर्ने भए पनि मुस्किलले ५०/६० जना कामदार फिल्डमा देखिने गरेको आयोजना प्रमुख दासको भनाइ छ । केही दिनअघि मधेश प्रदेशमा आउनुभएका सङ्घीय पूर्वाधार विकास मन्त्री सुनील लम्सालले लक्ष्य अनुसार समयमै सक्ने गरी राजमार्ग विस्तारको काम अघि बढाउन आयोजनाका कर्मचारी तथा निर्माण व्यवसायीलाई निर्देशन दिनुभएको थियो ।

पछिल्लो विवरण अनुसार तीन वटै जिल्लामा गरेर राजमार्ग विस्तारको काम लक्ष्यभन्दा २२ प्रतिशत कम रहेको आयोजना प्रमुख दासले बताउनुभयो । उहाँका अनुसार तीन जिल्लामध्ये धनुषामा सबैभन्दा बढी २८ प्रतिशत र त्यसपछि सर्लाहीमा २५ प्रतिशत काम पूरा भएको छ ।

सबैभन्दा कम महोत्तरीमा २३ प्रतिशत काम पूरा भएको कमला-ढल्केबर-पथलैया सडक योजना (पूर्वी खण्ड) ले जनाएको छ । बिजुलीको पोल सार्न ढिलाइ र रुख कटान तथा लिलामको कामले समेत सुरुमा ढिलाइ भए पनि मुख्य गरी इन्धन र निर्माण सामग्रीको मूल्य वृद्धि नै राजमार्ग विस्तारमा चुनौती बनेको निर्माण व्यवसायीले बताएका छन् ।

रसुवा कन्स्ट्रक्सनका प्रतिनिधि सुजित रिजालले सुरुमा त फटाफट काम गरिरहेको भए पनि इन्धनको मूल्य दोब्बर भएपछि भने काम गर्न समस्या




परेको गुनासो गर्नुभयो । उहाँले भन्नुभयो, “तेलको भाउ बढेदेखि काम गर्नै मुस्किल परिरहेको छ ।”

राजमार्ग विस्तारका लागि धनुषाको कमला पुलदेखि सर्लाहीको बागमती पुलसम्म ७४.७५ किलोमिटर खण्डमा तीन वटा निर्माण कम्पनीले ठेक्का पाएका छन् । कमला-बडहरी २२.०७ किलोमिटर सडक इकेके इन्फ्रास्ट्रक्चर लिमिटेड इन्डिया, बडहरी-फूलजोर २९.७४ किलोमिटर र फूलजोर-बडहरी २२.९४ किलोमिटर चाइनिज कम्पनी एसडब्लु इजे र रसुवा कन्स्ट्रक्सन कम्पनी आरसिसी ज्वाइन्ट भेन्चरले एक हजार २८० करोडमा ठेक्का लिएका छन् ।

विश्व बैङ्कको १८ अर्ब ६० करोड रुपियाँ सहयोगमा सन् २०२७ भित्र राजमार्ग विस्तारको काम सक्ने लक्ष्य छ । अहिले दुई लेनमा रहेको महेन्द्र राजमार्गलाई बजार तथा व्यापारिक क्षेत्रमा सडकको दुवैतिर साढे छ/साढे छ मिटर सर्भिस लेनसहित छ लेन र अन्य ठाउँमा चार लेन बनाइने छ ।

# मधेश प्रदेश युथ समिट-२०२६ सुरु




**खबर दर्पण समाचारदाता**
**जेठ ३१ गते, जनकपुरधाम**

डिजिटल नागरिक क्षेत्र सुदृढीकरणमा युवाको भूमिका सशक्त बनाउने उद्देश्यले मधेश प्रदेशको राजधानी जनकपुर धाममा मधेश प्रदेश युथ समिट-२०२६ आयोजना गरिएको छ। गैरसरकारी संस्था महासंघ नेपाल (NFN) र युवा अभियानको संयुक्त आयोजनामा सुरु भएको उक्त सम्मेलन जेठ ३१ गतेदेखि असार १ गतेसम्म सञ्चालन हुनेछ।

कार्यक्रमको उद्घाटन गर्दै मधेश प्रदेश सरकारका खेलकुद तथा समाज कल्याण मन्त्री माननीय लखन दास तत्माले सम्मेलनको सफलताको शुभकामना व्यक्त गर्दै आगामी बजेटमा युवाका मुद्दाहरूलाई प्राथमिकता दिइने जानकारी दिनुभयो।

विशिष्ट अतिथि मधेश प्रदेशका महान्यायाधिवक्ता डा. सुनील रञ्जन सिंहले कानुन निर्माण प्रक्रियामा युवाको सहभागिता र यसको महत्वबारे प्रकाश पार्नुभयो।

उद्घाटन कार्यक्रममा विशिष्ट अतिथि गैरसरकारी संस्था महासंघ नेपालका उपाध्यक्ष राजेन्द्र शर्माले मधेश प्रदेशको समग्र विकासका लागि युवाहरूले अग्रसरता लिनुपर्नेमा जोड दिनुभयो। साथै, प्रदेश सरकारलाई सबै गैरसरकारी संस्थाहरूलाई एउटै साझा मञ्चमा राखेर विकाससम्बन्धी संवाद अघि बढाउन आग्रह गर्नुभयो।

"Young People Coming Together to Strengthen Digital Civic Space" भन्ने मूल नारासहित आयोजित सम्मेलनमा मधेश प्रदेशका आठवटा जिल्लाबाट ४५ जना युवा सहभागीहरू सहभागी भएका छन्।

कार्यक्रमको अध्यक्षता गैरसरकारी संस्था महासंघ नेपाल, मधेश प्रदेशका अध्यक्ष रामबाबु शाहले गर्नुभएको थियो। कार्यक्रममा स्वागत मन्तव्य युथ इनिसिएटिभकी सुष्मिता यादवले राख्नुभएको थियो भने सञ्चालन गंगा श्रेष्ठले गर्नुभएको थियो।

दुई दिनसम्म सञ्चालन हुने यस कार्यक्रमअन्तर्गत युथ सिभिक स्पेस, संविधान संशोधनमा युवा एजेन्डा, डिजिटल नागरिकता र लोकतन्त्रमा युवाको भूमिका, डिजिटल सुरक्षा, कृत्रिम बौद्धिकता (AI) तथा एड्भोकेसी लगायतका विषयमा विभिन्न सत्रहरू सञ्चालन गरिनेछन्। साथै, सम्मेलनबाट युवा घोषणापत्र तयार गरिनुका साथै युथ ऋक्इ फोरम समेत गठन गरिने आयोजकले जानकारी दिएका छन्।

# भंगहाका ७३ विपन्न परिवारको जीवनमा नयाँ बिहानी, सुरक्षित आवासको सपना पूरा



**धर्वेन्द्रकुमार यादव 'यदुवंशी'**
**जेष्ठ ३१ गते, महोत्तरी**

महोत्तरीको भंगहा नगर पालिकाका विपन्न परिवारको जीवनमा नयाँ आशाको किरण पलाएको छ। वर्षौंदेखि कमजोर आवास र अभावबीच जीवन बिताउँदै आएका ७३ गरिब, दलित तथा विपन्न परिवारले अहिले सुरक्षित र व्यवस्थित घर पाएका छन्।

भंगहा नगरपालिका-६, जमुनियाकी रिता देवी सदाको परिवार केही समयअघिसम्म सानो त्रिपालमुनि बस्न बाध्य थियो।

कमजोर आर्थिक अवस्थाका कारण आफ्नै घर बनाउने सपना उनका लागि टाढाको विषय बनेको थियो। वर्षा, हावाहुरी र चर्को घामसँग संघर्ष गर्दै बालबालिकासहित दिन बिताइरहेकी रिता देवी अहिले भने आफ्नै सुरक्षित घरमा बस्न पाएकी छन्।

घर प्राप्त भएपछि उनको जीवनमा मात्र होइन, बालबालिकाको भविष्यमा पनि सकारात्मक परिवर्तन आएको छ। पहिले असुरक्षित वातावरणमा हुर्किरहेका बालबालिका अहिले नियमित रूपमा विद्यालय जान थालेका छन्।

भंगहा नगरपालिका-४, बनरा टोलकी सुमिन्त्रा सिंहको अवस्था पनि फरक थिएन। घर नहुँदा वर्षायाम सुरु हुनासाथ उनको परिवार चिन्तित हुन्थ्यो। बालबालिकासहित खुला आकाशमुनि बस्नुपर्ने बाध्यता थियो। तर अहिले उनको परिवारले पनि सुरक्षित आवास पाएको छ, जसले उनीहरूको जीवनमा स्थायित्व र आत्मविश्वास थपेको छ।

रिता देवी र सुमिन्त्रा सिंह त प्रतिनिधि पात्र मात्र हुन्। भंगहा नगरपालिकाभित्रका ७३ परिवारले सुरक्षित घर पाएपछि उनीहरूको जीवनस्तरमा उल्लेखनीय सुधार आएको छ। उनीहरूका लागि यो परिवर्तन केवल घर निर्माणमा सीमित छैन, बरु सम्मानपूर्वक र सुरक्षित रूपमा बाँच्ने आधार बनेको छ।

भंगहा नगरपालिकाको समन्वयमा Good Neighbors International ले सञ्चालन गरेको आवास सहयोग कार्यक्रमअन्तर्गत यी परिवारका लागि घर निर्माण गरिएको हो। संस्थाले विपन्न परिवारको अवस्था पहिचान गरी उनीहरूको आवश्यकता अनुसार सुरक्षित आवास निर्माणमा सहयोग पुर्‍याएको हो।

आवास निर्माणसँगै बालबालिकाको शिक्षालाई पनि प्राथमिकता दिइएको छ। आवश्यक शैक्षिक सामग्री तथा अन्य सहयोग उपलब्ध गराइएपछि विपन्न परिवारका बालबालिकाको अध्ययनमा सहजता आएको छ।

सामाजिक क्षेत्रमा सक्रिय गुड नेवर्स इन्टरनेशनलको यस पहलले स्थानीय स्तरमा व्यापक प्रशंसा पाएको छ। संस्थाले विपन्न परिवारलाई केवल तत्कालीन राहत उपलब्ध गराउने मात्र नभई दीर्घकालीन समाधानतर्फ उन्मुख प्रयास गरेको भन्दै स्थानीयवासीले सकारात्मक प्रतिक्रिया दिएका छन्।

कुनै समय वर्षाको पानी र असुरक्षित बासस्थानबाट बच्न संघर्ष गरिरहेका परिवारहरू आज आफ्नै घरमा सुरक्षित जीवन बिताइरहेका छन्। उनीहरूको अनुहारमा देखिएको खुसी र आत्मविश्वासले स्पष्ट देखाउँछ– सहयोग, सहकार्य र सही पहलले समाजका कमजोर वर्गको जीवनमा वास्तविक र दिगो परिवर्तन सम्भव छ।

अत्याधुनिक प्रविधि तथा विशेषज्ञ सेवासहित ३ वर्षे नर्सिङ कलेज भएको महोत्तरीको एकमात्र अस्पताल

➤ २४ सैं घण्टा इमर्जेन्सी सेवा
➤ ICU, NICU, PICU सेवा
➤ X-Ray, USG, CT Scan सेवा
➤ Endoscopy/Diode Laser सेवा
➤ Laproscopy सेवा
➤ क्याबिनको समेत व्यवस्था भएको
➤ विभिन्न रोगहरुको विशेषज्ञ डाक्टरहरुद्वारा उत्कृष्ट स्वास्थ्य सेवा
➤ 24/7 Ambulance सेवा

SHUBHA SWOSTIK HOSPITAL PVT. LTD

शुभ स्वस्तिक हस्पिटल प्रा.लि.
मेनरोड बर्दिवास, महोत्तरी
044-550255

खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)
उप-सम्पादक : धर्वेन्द्र कुमार यादव 'यदुवंशी' (९८५४०२९०५३) E-mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा,